कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३३२ | वि.सं. २०८१ चैत १२ मंगलवार | नेपाल संवत: ११४४, चैत कृष्ण एकादशी | Tuesday 25 March 2025 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# मुगु कर्णाली बनाउन दुई भारतीय कम्पनीको लगातार चासो

**युग संवाददाता**
**सुर्खेत, ११ चैत ।**

मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजनामा लगानी गर्न दुई भारतीय कम्पनी निरन्तर चासो दिन थालेका छन् । भारत सरकार स्वामित्वको एनएचपीसी लिमिटेड र भारतीय अर्बपति गौतम अडानीको कम्पनी यो आयोजनामा लगानी गर्न निरन्तर लागि परेका हुन् ।

मुगु कर्णालीमा भारतीय कम्पनी सतलज जलविद्युत निगम, माथिल्लो कर्णालीको जिम्मा पाएको जीएमआर, पश्चिम सेती, सेती-६ र फुकोट कर्णालीको जिम्मा पाएको एनएचपीसीले मुगु कर्णालीमा चासो राख्दै आएका थिए । तर, पछिल्लो समयमा एनएचपीसी र अडानी समूहले बढी चासो राख्ने गरेका छन् ।



साढे चार खर्ब रुपैयाँ लागत रहेको यो आयोजना बनाउनका लागि भारतीय कम्पनीले दुई वर्षदेखि चासो राख्दै आएका छन् । पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा भारत भ्रमणका क्रममा पनि एनएचपीसीले फुकोट कर्णालीसँगै मुगु कर्णालीमा चासो राखेको थियो । यसभन्दा अगाडी पनि गौतम अनाडीको कम्पनीले मुगु कर्णालीमा चासो राख्दै आएको छ ।

प्रधानमन्त्री दाहालको भ्रमणमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले १० वर्षभित्रमा १० हजार मेगावाट बिजुली नेपालबाट निर्यात गर्नेगरी गरेको घोषणाले समेत भारतीय लगानी नेपालमा आकर्षित हुने अनुमान गरिएको थियो । त्यस कारणले पनि पछिल्लो समयमा भारतीय लगानीकर्ताहरु नेपालको जलविद्युतमा लगानी गर्न इच्छुक देखिएका छन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले २०७५ असारमा विद्युत उत्पादन कम्पनी लिमिटेडलाई सर्वे लाइसेन्स दिएको थियो । लाइसेन्स पाएपछि २०७५ फागुनबाट कम्पनीले पूर्वसम्भाव्यता अध्ययन सुरु गरेको थियो । लगानी सम्मेलनमा हामीले प्रोजेक्ट शोकेस गरेको र त्यसको केहि समयपछि एनएचपीसीले हामीलाई डकुमेन्ट मागेको थियो । विद्युत उत्पादन कम्पनीले फुकोट कर्णालीको काम सुरु भएपछि दिने जानकारी गराएको थियो ।

लगानी सम्मेलनमा अडानी ग्रुपका प्रतिनिधि पनि आएका थिए । कम्पनीले आन्तरिक रुपमा लगानी जुटाउने भनेर हामीले प्रक्रिया सुरु गरेको छ । आन्तरिक लगानी जुटेन भने विदेशी लगानीका लागि प्रक्रिया सुरु गर्ने सरकारी तयारी रहेको छ ।

विद्युत उत्पादन कम्पनीले यसअघि नै आन्तरिक स्रोतबाट लगानी जुटाउने भन्दै सार्वजनिक निजी साझेदारीमा निर्माण गर्ने भन्दै सूचना निकालेको थियो । मुगु कर्णाली र किमाथांका अरुण जलविद्युत आयोजनाका लागि सूचना निकालेको थियो ।

विद्युत उत्पादन कम्पनी आफैंले लगानी जुटाउन सक्ने अवस्था नभएपछि पीपीपी मोडलबाट आयोजनाहरु विकास गर्न खोजेको हो । ५१ प्रतिशत लगानी गरी साझेदारी गर्न इच्छुक कम्पनीसँग मागिएको थियो । नेपाली नागरिक वा नेपाली नागरिक मात्र प्रवर्धक रहेको कम्पनीले आवेदन दिन सक्ने उल्लेख गरेर सूचना निकालिएको थियो ।

१९०२ मेगावाटको मुगु कर्णाली जलविद्युत आयोजनामा भारतका अर्बपति व्यापारी गौतम अडानीले लगानी गर्ने भन्दै स्थानीय साझेदारी सिजी ग्रुपमार्फत मुगु कर्णालीमा लगानी गर्न प्रस्ताव हालेका थिए । तर विवाद भएपछि उक्त सूचना रद्ध गरियो । अडानीलाई इन्फिनीटी होल्डिङ्समार्फत व्यावसायिक साम्राज्य विस्तार गरिरहेका दिपक भट्टको समूहले स्थानीय साझेदारीका लागि गत फागुनमा सम्झौता गरिसकेको छ । अहिले स्वदेशी लगानीकर्ताले मात्रै विद्युत उत्पादन कम्पनीका आयोजनामा लगानी गर्न पाउँछन् । विदेशील लगानीकर्ता ल्याउँदा कम्पनीको लगानी साँझेदारी कार्यविधी-२०८१ संशोधन गर्नुपर्छ ।

'हामी अब हाम्रो प्रवर्धकसँग छलफल गर्छौं । ठूला ठूला आयोजना रहेका कारण लगानी जुटाउन सक्ने अवस्था छैन,' विद्युत उत्पादन कम्पनीका सूचना अधिकारी नविन पौडेलले भने, 'उहाँहरुसँगको छलफलपछि हामी लगानीकर्ता भित्र्याउने प्रक्रिया थाल्छौं । स्वदेशी लगानीबाट खर्बौंका परियोजनामा लगानी जुटाउन सक्ने अवस्था छैन ।'

लामो समयदेखि नेपालमा लगानी गर्न अडानीले चासो देखाउँदै आए पनि अहिलेसम्म औपचारिकता पाउन सकेको छैन । अडानी समूहले २ वर्षअघि १० हजार ८ सय मेगावाट क्षमताको कर्णाली चिसापानी बहुउदेश्यीय आयोजनामा चासो देखाएको थियो ।

मुगु कर्णाली १९०२ मेगावाटको आयोजना जलाशययुक्त जलविद्युत आयोजना हो । यो जलविद्युत आयोजनाको सम्भाव्यता अधययन गरिरहेको छ । ४ खर्ब ६० अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ । यो आयोजनाले ६२९१.८ गिगावाट आवर उत्पादन गर्न सक्छ ।

कर्णाली नदीमा पहिचान भएको यो जलविद्युत आयोजना सबैभन्दा माथिल्लो बेल्टमा निर्माण हुनेछ । यो आयोजनाको

बाँकी २ पेजमा

# 'बुद्ध सर्किट जोड्न मोनोरेल सञ्चालनको सम्भावना' मुख्यमन्त्री आचार्य

**युग संवाददाता**
**दाङ, ११ चैत ।**

दाङ-लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बुद्ध सर्किटलाई आपसमा जोड्न मोनोरेल सञ्चालन गर्ने सम्भावना रहेको बताएका छन् । प्रतिनिधि सभा सदस्य तथा नेपालका प्रतिष्ठित उद्योगी व्यवसायी विनोद चौधरीसँग मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय, राप्ती उपत्यका (देउखुरी) मा भएको छलफलमा मुख्यमन्त्री आचार्यले कपिलवस्तु, रुपन्देही र नवलपर ासीलाई बुद्ध सर्किटमार्फत जोड्न मोनोरेल सञ्चालन गर्न सकिने आधार रहेको बताएका हुन । प्रदेश सरकार निजी क्षेत्रसँग साझेदारी गर्दै अगाडि बढ्न सक्ने उनको भनाई छ ।



प्रदेश सरकारले मोनोरेल सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्ने र निजी क्षेत्रलाई आकर्षित गर्ने योजना बनाएको समेत जानकारी दिए । बुद्ध सर्किटको योजना प्रदेश सरकारले बनाएको छ । अब यहाँ मोनोरेल चलाउन सकिन्छ उनले भने 'यसमा निजी क्षेत्रले लगानी गर्न सक्छ ।'

मुख्यमन्त्री आचार्यले गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई ब्रान्डिङ गर्ने तथा विश्वभरका बौद्ध धर्मावलम्बीहरूको पहिलो गन्तव्य स्थलका रूपमा विकास गर्न प्रदेश सरकारले पहल गरिरहेको बताए । पर्यटन बोर्डमार्फत लुम्बिनीको समग्र विकासलाई जोडेर व्यापक योजना निर्माण गरिने पनि उनले उल्लेख गरे ।

छलफलका क्रममा प्रतिनिधि सभा सदस्य चौधरीले आगामी आर्थिक वर्षका लागि प्रदेश सरकारले स्वरोजगार प्रवर्द्धन, स्वास्थ्य सेवा सुधार, सामाजिक सेवा, पूर्वाधार निर्माण तथा लुम्बिनीको पर्यटन विकासलाई प्राथमिकता दिने गरी योजना समेट्न आग्रह गरे ।

## बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८१/१२/११)**

वीरेन्द्रनगर औद्योगिक क्षेत्र भित्र Construction of Compound wall from Surkhet Dairy-Itram River to office Periferi., Contarct ID:- BirIZMO/2081/082/CWK-04 कार्य गर्नको लागि सम्बन्धित निकायबाट कार्य गर्ने इजाजत प्राप्त, मू.अ.करमा दर्ता भएका, पछिल्लो आ.व.को कर चूक्ता गरेका इच्छूक कम्पनी फर्महरुबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र E-bidding मार्फत पेश गर्न सकिने छ । विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

**औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड**
**शाखा कार्यालय**
**वीरेन्द्रनगर औद्योगिक क्षेत्र, सुर्खेत ।**
**फोन नं. ०८३-५२०१३०**

# हुम्लामा रैथाने बालीको मूल्य निर्धारण

**युग संवाददाता**
**हुम्ला, ११ चैत ।**

जिल्लामा उत्पादन हुने रैथाने बालीको मूल्य निर्धारण गरिएको छ । जिल्ला प्राथमिक खरिद समितिको बैठकले चालु आर्थिक वर्षका लागि सात प्रकारका रैथाने बालीको मूल्य निर्धारण गरेको जिल्ला खाद्य व्यवस्था समितिका सदस्य सचिव कृष्णबहादुर थापामगरले जानकारी दिए ।

नयाँ मूल्यअनुसार चिनोको चामल प्रतिकेजी रु १८०, कागुनोको चामल प्रतिकेजी रु १८०, सिमी प्रतिकेजी रु १७०, तिते फापर प्रतिकेजी रु १००, मिठे फापर प्रतिकेजी रु १२०, उवा प्रतिकेजी रु १२० र कोदो प्रतिकेजी रु १०० मूल्य निर्धारण गरिएको छ ।

चिनो, कागुनो र तिते फापरको मूल्य अघिल्लो वर्षको तुलनामा रु पाँचले बढाइएको छ भने सिमीमा प्रतिकेजी रु १० बढाइएको छ । यी सबै रैथाने बालीको खाद्यान्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले गाउँपालिकासँग सम्झौता गरेर खरिद गर्नेछ । हुम्लामा रैथाने बालीको आधिकारिक रूपमा मूल्य निर्धारण गर्न सुरु गरिएको यो तेस्रो वर्ष हो । बैठकमा प्रमुख जिल्ला अधिकारी नारायण पाण्डे, सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारी, नाम्खा गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर लामालगायतको उपस्थिति थियो ।



# समृद्ध कर्णाली, सुखी कर्णाली बनाउने सपना छ : सावित्री मल्ल

**युग संवाददाता**
**काठमाडौँ, ११ चैत ।**

सङ्घीय संसद, राष्ट्रियसभाको सांसद भएको एक वर्ष भयो । नेपालको संविधानले राष्ट्रियसभाको व्यवस्था गरेको छ । संविधानले राष्ट्रियसभालाई स्थायी प्रकृतिको व्यवस्थापकीय अङ्गका रूपमा परिकल्पना गरेको छ । संविधानले नै खासगरी सीमान्तकृत, लोपोन्मुख समुदायको राष्ट्रको शासन व्यवस्थामा सहभागिता गराई समावेशी तथा लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र विकासका लागि राष्ट्रियसभाको आवश्यकता औँल्याएको छ ।



मुख्यगरी राष्ट्रियसभाले प्रदेशको न्यायोचित प्रतिनिधित्व व्यस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशलता र प्रभावकारिताको सन्तुलनसमेतलाई सम्बोधन गर्छ । एक वर्षको अवधिभरि संविधानअनुरुप कानुन बनाउने काममा केन्द्रित भएँ । त्योसँगै जनताका सवाललाई संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउने काम भयो ।

संविधानअनुसार सबै कानुन बन्न सकेका छैनन् । यद्यपि, राष्ट्रियसभामा टेबुल भएका कुनै पनि विधेयकलाई रोक्ने काम भएको छैन । राष्ट्रियसभामा आएका विधेयकलाई हामीले गहिरोगरी अध्ययन गरेर र छलफल गरेर मात्र पारित गर्ने गरेका छौँ । ऐन/कानुन वा नियमलाई सकेसम्म समावेशी कुरामा राष्ट्रियसभाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

म राष्ट्रियसभाअन्तर्गतको 'विकास, आर्थिक मामिला तथा सुशासन' समितिको सदस्यका रुपमा पनि काम गर्दै आएकी छु । यो समितिले नेपालको अर्थव्यवस्था, सार्वजनिक वित्त, पूर्वबजेट छलफल, शासकीय सुधार तथा सुशासन प्रवर्द्धन, सूचना प्रविधि तथा नवप्रवर्तनसम्बन्धी विषयमा काम गर्दै आएको छ । समितिले विकास आयोजना, आयोजना, दिगो विकास, समन्यायिक एवं सन्तुलित विकास, लगानी र जनसङ्ख्या व्यवस्थापनको पनि काम गर्दै आएको छ ।

समितिमा विस्तृत रूपमा छलफल हुन्छ । स्थानीय, प्रदेश र सङ्घीय सरकारबीच एकरुपता र समन्वय नभएका कारण संविधानको पूर्ण कार्यान्वयन हुनसकेको छैन । नेपालको संविधानको धारा १६ देखि ४६ सम्म ३१ वटा मौलिक हकको व्यवस्था गरिएको छ । मौलिक हकअन्तर्गतका कतिपय कानुन बन्न बाँकी छ ।

संविधानलाई आवश्यकताका आधारमा संशोधन गरेर समय सान्दर्भिक बनाउनुपर्छ । जस्तो संविधानको धारा ७० को 'राष्ट्रपति र उपराष्ट्रपति फरकफरक लिङ्ग वा समुदायको हुने' भनिएको छ । यसलाई संशोधन गरेर राष्ट्रपति र उपराष्ट्रपति एक जना अनिवार्य महिला हुनुपर्ने व्यवस्था गर्नुपर्छ । यद्यपि हाम्रो पार्टीले संविधान संशोधन गर्नुपर्ने विषयका बारेमा नेता तथा सांसद प्रकाश ज्वालाको नेतृत्वमा कार्यदल गठन गरेको छ । कुनकुन विषयमा संशोधन गर्नुपर्ने भन्ने विषय पार्टीले छिट्टै टुङ्गो लगाउने छ ।

महिलाका सवालमा संविधान पूर्ण रूपमा कार्यान्वयन भएको छैन । संविधानको धारा ३८ को 'महिलाको हक' मा 'राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ' भनिए पनि त्यसको पूर्ण रूपमा कार्यान्वयन हुनसकेको छैन । त्यसैगरी, प्रतिनिधिसभाको सवालमा धारा ८४ उपदफा ८ मा व्यवस्था गरिएको 'सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ महिला हुनुपर्ने' व्यवस्था कार्यान्वयन भएको छ । यी विषय मन्त्रीपरिषद् गठनको सवालमा हुनुपर्छ । संविधानको धारा ९१ र ९२ पनि संशोधन गरेर महिलामैत्री बनाउन जरुरी छ । महिला, दलित, मधेसी, आदिवासी, जनजातिलगायत उत्पीडित समुदायको सवालमा भएका संवैधानिक अधिकारको कार्यान्वयनसँगै थप अधिकारका निम्ति एकजुट भएर सङ्घर्ष गर्नुपर्ने बेला पनि आएको छ ।

सङ्घीयतालाई अझै सुदृढ बनाउन सदाचार नीति बनाएर कार्यान्वयन गर्नुपर्छ । राजसंस्था अन्त्यका लागि नेपाली जनताले ठूलो बलिदान गरेका छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्र यत्तिकै आएको होइन । राजसंस्थावादीहरूले भन्दैमा अहिलेको व्यवस्था फेरिँदैन । विसं २०६२/६३ को जनआन्दोलनले राजतन्त्रको अन्त्य गर्दै देशमा गणतन्त्र आएको हो । यो शासन जनता आफैँले ल्याएको शासन हो । यो शासन व्यवस्था भनेको सामान्य जनताको छोरा राष्ट्रप्रमुख हुने व्यवस्था हो । यही सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझै परिमार्जन र बलियो बनाएर लैजानुपर्ने छ ।

देशमा रोजगारी सृजनाका लागि सरकारले योजना बनाएर अगाडि बढ्नुपर्छ । यत्तिकै हचुवाका भरमा सरकार अगाडि बढ्नु हुँदैन । जनताका लागि आवश्यकताका आधारमा काम गर्नुपर्छ । अहिले जनताले रोजगारी खोजिरहेका छन् । उनीहरूलाई रोजगारीको व्यवस्था गर्न बन्द भएका उद्योग सञ्चालन गर्नुपर्छ । बन्द हुने अवस्थामा पुगेका कलकारखानालाई सरकारले जोगाउन सक्नुपर्छ । सङ्घीय सरकारले पछाडि परेको कर्णाली प्रदेशलाई प्राथमिकता दिनुपर्छ । कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्ने सबै सांसदले त्यो प्रदेशको विकासका लागि पहल गर्नुपर्छ । समृद्ध कर्णाली, सुखी कर्णाली बनाउने सपना छ ।

### राष्ट्रियसभा सदस्य सावित्री मल्लको परिचय

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) की केन्द्रीय सदस्य सावित्री मल्ल विगत एक वर्षदेखि कर्णाली (महिला) तर्फबाट सङ्घीय संसद्, राष्ट्रियसभाको सांसद हुनुहुन्छ । मल्लले नेकपा (एमाले) की नेतृ विमला शाहीलाई पराजित गरेकी हुन । उनले २०४२ सालदेखि महिला आन्दोलनबाट राजनीतिक यात्रा सुरु गरेकी हुन ।

# वीरगञ्ज नाकाबाट एक खर्ब २२ अर्बको पेट्रोलियम पदार्थको आयात

**युग संवाददाता**
**वीरगञ्ज (पर्सा), ११ चैत ।**



चालु आर्थिक वर्षको आठ महिनामा वीरगञ्ज नाका भएर रु एक खर्ब २२ अर्ब २० करोड बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयात भएको हो ।

गत आवको आठ महिनाका तुलनामा चालु आवको सोही अवधिमा रु एक अर्ब ६७ करोड बढीको पेट्रोलियम पदार्थ आयात भएको हो । गत आवको आठ महिनामा रु एक खर्ब २० अर्ब ५३ करोडको पेट्रोलियम पदार्थ आयात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चालु आवमा पेट्रोलियम पदार्थको आयात र राजस्व बढेको बताए ।

"अहिले पूर्वाधार निर्माणको समय भएकाले पनि पेट्रोलियम पदार्थको आयात बढेको देखिन्छ", उनले भने । कार्यालयका अनुसार, चालु आवको आठ महिनामा सबै खालका पेट्रोलियम पदार्थको आयातबाट रु ५० अर्ब १३ करोड राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा रु ४४ अर्ब ८० करोड राजस्व सङ्कलन भएको थियो ।

चालु आवको आठ महिनामा रु ६१ अर्ब ४५ करोड बराबरको छ लाख ८५ नौ सय ९१ किलोलिटर डिजेल आयातबाट रु २७ अर्ब ३१ करोड राजस्व सङ्कलन भएको प्रमुख भन्सार प्रशासक लामिछानेले बताए । त्यस्तै, चालु आवको आठ महिनामा रु २५ अर्ब ३० करोड मूल्यको दुई लाख ९० हजार तीन सय ८२ किलोलिटर पेट्रोल आयात हुँदा रु १६ अर्ब ४८ करोड राजस्व सङ्कलन भएको छ ।

चालु आवको आठ महिनामा रु २४ अर्ब पाँच करोड मूल्य बराबरको २१ करोड ४२ हजार सात सय ८१ किलोग्राम एलपिजी ग्यास आयात भएको छ । यसबाट रु चार अर्ब ५० करोड राजस्व सङ्कलन भएको छ । गत आवको आठ महिनामा भने रु १९ अर्ब ५२ करोडको १८ करोड ६८ लाख १२ हजार एक सय २० किलोग्राम एलपिजी ग्यास आयात भएको थियो ।

# सोसेक नेपालको सशक्त महिला समृद्ध नेपाल अन्तरक्रिया

**युग संवाददाता**
**सुर्खेत, ११ चैत ।**

सोसेक नेपालको सशक्त महिला समृद्ध नेपाल अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । वीरेन्द्रनगर नगरपालिकाको आयोजनामा अन्तरक्रिया कार्यक्रममा सोमबार सम्पन्न भएको हो ।

अन्तरक्रिया कार्यक्रममा नगरपालिकाका प्रमुख मोहनमाया ढकालले वीरेन्द्रनगर नगरपालिकालाई महिला मैत्री नगरपालिका बनाउन काम भइरहेको बताइन् । उनले सुत्केरीका लागि निःशुल्क एम्बुलेन्स, स्यानेटरी प्याड वितरण लगायतका काम भइरहेको जानकारी दिइन् ।

किशोर किशोरीका आमबुवालाई रुपान्तरण कक्षाको महत्वको बारेमा एक दिने अभिमुखीकरण तालिम, रुपान्तरण सम्बन्धि किशोर किशोरीलाई ३० वटा सेसन, साथी शिक्षकलाई १६ दिने तालिम र स्थानीय योजना प्रक्रियाबाट रुपान्तरणको काम भइसकेको सोसेक नेपालको सशक्त महिला समृद्ध नेपाल परियोजनाका म्यानेजर रमेश थापाले बताए ।

# कर्णालीविरुद्ध बागमतीको सहज जित

**युग संवाददाता**
**घोराही (दाङ), ११ चैत ।**

प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा बागमती प्रदेशले कर्णाली प्रदेशविरुद्ध नौ विकेटको सहज जित हात निकालेको छ । सोमबार लमहीमा भएको खेलमा कर्णालीले दिएको ५९ रनको लक्ष्य बागमतीले सातौँ ओभरमा एक विकेटको क्षतिमा पूरा गऱ्यो । उसको जितमा इशान पाण्डेले २२, आशुतोष घिरैयाले १९ र शुभ कंसाकारले १६ रन बनाए । कर्णालीका लागि दीपेन्द्र रावतले एक विकेट लिए ।

टस जितेर पहिले ब्याटिङ गरेको कर्णालीले १९.१ ओभरमा सबै विकेट गुमाउँदै ५८ रन मात्रै बनाउन सक्यो । उसका लागि सुनिल धमलाले सर्वाधिक १५ रन बनाउँदा अन्यले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । बागमतीका लागि रिजन ढकालले ५.१ ओभरमा १९ रन दिएर पाँच विकेट लिए भने सूर्य तामाङले सात ओभरमा १७ रन दिएर चार विकेट लिए ।

नेपाल क्रिकेट सङ्घ क्यानको आयोजना र प्रदेश क्रिकेट सङ्घको समन्वय तथा दाङ क्रिकेट सङ्घको व्यवस्थापनमा जारी प्रतियोगितामा तीन विभागीय टोली आर्मी क्लब एपिएफ क्लब र नेपाल पुलिस क्लबसहित सात प्रदेश टोली सहभागी छन् । गत फागुन २५ गतेबाट लुम्बिनी प्रदेशको रुपन्देही र दाङमा जारी प्रतियोगितामा राउण्ड रोबिनका आधारमा खेल भइरहेका छन् ।

प्रतियोगिता चैत १६ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिताअन्तर्गत रुपन्देहीको सिद्धार्थ रङ्गशालामा १७ वटा, एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा १५ वटा, दाङको लमहीस्थित देउखुरी अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालामा १४ वटा खेल खेलाइनेछ ।

## विश्व

# फ्रान्ससँगको सम्बन्ध प्रगाढ बनाउन खोजेको चीनको भनाइ



**बेइजिङ, ११चैत ।**

फ्रान्सका विदेशमन्त्रीको आसन्न भ्रमणले 'अशान्ति र रूपान्तरण'को सामना गरिरहेको विश्वमा दुई देशबीच सहयोग प्रगाढ हुने आशा चीनले व्यक्त गरेको छ ।

फ्रान्स र चीनले हालैका वर्षहरूमा सम्बन्धलाई बलियो बनाउन खोजेका छन्, तर पेरिसले युक्रेनको आक्रमणपछि बलियो भएको देखिएको बेइजिङ र मस्कोबीचको सम्बन्धलाई प्रगाढ नबनाउन बेइजिङलाई दबाब दिएको छ ।

फ्रान्सका विदेशमन्त्री ज्याँ नोएल बारोटले आगामी बिहीबार र शुक्रबार चीनको राजधानी बेइजिङ र आर्थिक महाशक्ति सांघाइको भ्रमण गर्नेछन् ।

विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले भने, 'वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति अस्थिर र जटिल बन्दै गएको छ । अस्थिरता र अनिश्चिततामा उल्लेखनीय

बाँकी ३ पेजमा

## मुगु...

बाँध करिब २५० मिटर उचाईको हुने अनुमान छ । आयोजनाले कर्णालीका कालिकोट, मुगु, हुम्ला र जुम्ला गरी ४ जिल्लामा निर्माण हुनेछ । आयोजनाबाट प्रभावित हुने जिल्ला अनुसार गाउँपालिकामा हुम्ला जिल्लाको सर्केगाड, अदानचुली र ताँजाकोट गाउँपालिका रहेका छन् भने बाजुरा जिल्लाका हिमाली, स्वामिकार्तिक, जगन्नाथ गाउँपालिका र बुढीनन्दा नगरपालिका रहेका छन् । त्यसैगरी मुगु जिल्लाका खत्याड र सोरु गाउँपालिका, कालिकोटको पताला गाउँपालिका र जुम्लाका कनका सुन्दरी र सिञ्जा गाउँपालिका रहेका छन् ।

सम्भाव्यता अध्ययनले यो परियोजना निर्माणका लागि १० वर्ष लाग्ने उल्लेख गरेको छ । भूमिगत विद्युत गृह निर्माण हुनेछ । ७.७ पिकिङ दिन सक्ने परियोजना हो । नेपालमा अध्ययन भइरहेको सबैभन्दा ठूलो परियोजना यही हो ।

आयोजनाको कार्यालय बाजुराको बुढीनन्दा नगरपालिका वडा नं. ५ को बिरसैनमा स्थापना गरिनेछ । पहिलो चरणमा दुई सय ५० रोपनी जग्गा अधिग्रहण गरिने आयोजनाले जनाएको छ । अधिग्रहरणसहित स्थानीयलाई

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री टिका कुमारी तिवारी धनी रहेको, दर्ता नम्बर ५१४७/०७५/०७६ बाट वीन.न.पा-५, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री तिवारी होटल नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष**: आत्मविश्वासको साथ अगाडि बढ्नुहोस् सफलता मिल्नेछ । कार्यक्षेत्रमा समय अनुरूप आफूलाई ढाल्ने प्रयास गर्नुहोस् ।

**वृष**: कार्यक्षेत्रमा गुमाएको प्रतिष्ठा प्राप्त गर्नको लागि संघर्ष गर्नुपर्ला । व्यापार व्यवसायमा दोधारु भएर निर्णय नलिनुहोस् ।

**मिथुन**: कार्यक्षेत्रमा संघर्षको उचित मूल्याङ्कन नमिल्ला । दाम्पत्य जीवनमा तालमेलको कमीले कार्यमा बाधा आउनेछ । घरपरिवारमा पाउनाको आगमनले मन प्रसन्न रहनेछ ।

**कर्कट**: नोकरी वा पेशामा नयाँ योजनाहरू बनाउन मित्रहरूको सहयोग मिल्नेछ । आफन्तहरूसँग मनोरञ्जनात्मक समय बित्नेछ । जोखिमको कार्यबाट टाढा रहनुहोस् ।

**सिंह**: व्यापार व्यवसायमा अरूको माध्यमबाट सलाह लिनु भन्दा अघि आफूले सोच विचार गरेर कार्य गर्नुहोस् । राजकिय मामलाहरू सुल्झिनेछन् ।

**कन्या**: विशेष योजनाहरू गोप्य राखेर अगाडि बढ्नुहोस् । शुभचिन्तकको सोचेजस्तो साथ नमिल्नाले सामाजिक जिम्मेवारी बढ्नेछ ।

**तुला**: नयाँ कामको रूपरेखा बन्नेछ । जीवन साथीको स्वास्थ्यलाइ लिएर चिन्ता रहनेछ । विरोधीहरूले विरोध गर्दा पनि नयाँ कार्य प्रारम्भ गर्नमा सफलता मिल्नेछ ।

**वृश्चिक**: भौतिक सुख सुविधामा धन खर्च हुनेछ । विवादास्पद मामलाहरू आपसी वार्तालापमा सुल्झिनेछन् । कार्यक्षेत्रमा सहयोगीहरूको सहयोग मिल्नेछ ।

**धनु**: व्यापार व्यवसायमा मनज्ञ लाभ मिल्नेछ । जोखिम को कार्यमा सोचेभन्दा राम्रो सफलता मिल्ला । सम्पर्क क्षेत्र बढ्नाले भविष्यको लागि नयाँ योजनाहरू क्रियान्वित हुनेछन् ।

**मकर**: चलिरहेको कार्यमा बाधा आउनेछ । पारिवारिक जिम्मेदारी बढ्नाले व्यस्तता अलि धेरै रहला । अधिकारीहरूबाट उपयुक्त आश्वासन मिल्नेछ ।

**कुम्भ**: कार्यक्षेत्रमा चलिरहेको विवाद समाप्त हुनाले मन प्रसन्न रहनेछ । लेनदेनका मामलाहरू सुल्झिनेछन् । विद्यार्थी वर्गलाई उच्च अध्ययनमा सफलता मिल्नेछ ।

**मीन**: कार्यक्षेत्रमा शत्रुहरूबाट पनि सहयोग मिल्नेछ । लाभका नयाँ अवसरहरू मिल्नेछन् । व्यापार व्यवसायलाई लिएर गरिएको यात्रा सफल रहनेछ ।

## फ्रान्ससँगको...

वृद्धि भएको छ ।' बेइजिङले फ्रान्सका विदेशमन्त्रीको यो भ्रमणलाई 'राजनीतिक पारस्परिक विश्वासलाई मजबुत बनाउन' प्रयोग गर्ने उनले बताए ।

जनवरीमा ह्वाइट हाउसमा फर्केका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पप्रति लक्षित गर्दै उनले भने, 'उनीहरूले संयुक्त रूपमा एकपक्षीयता र अराजक कानून पुनरुत्थानको विरोध गर्नेछन् ।' गत वर्ष पेरिसमा राष्ट्रपति इमानुएल म्याक्रोसँग भएको भेटमा म्याक्रोले चीनको 'स्वतन्त्र' अडानको सराहना गरेको वाङले बताएका थिए ।


अनुसुची–१५
(दफा ३३ को उप –दफा (२) सँग सम्बधिन्त)

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/१२/१२**

श्री दानकाली महिला सामुदायिक वन उपभोक्ता समूह बराहताल गा.पा.-६, सुर्खेतको सामुदायिक वन बाट २०८१/०८२ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको ए ग्रेड साल जातको गोलिया काठ ५ थानको ७२.८२ क्यूफिट, बी ग्रेड साल जातको गोलीया काठ १५ थानको २०१.६३ क्यूफिट, सी ग्रेड साल जातको गोलिया काठ ४० थानको ३६६.०४ क्यूफिट त्यसैगरी बी ग्रेड असना जातको गोलिया काठ ३ थानको ४२.३६ क्यूफिट, सी ग्रेड असना जातको गोलिया काठ १० थानको ६७.३६ क्यूफिट, बी ग्रेड जामुन जातको गोलिया काठ १ थानको ६.९४ क्यूफिट, सी ग्रेड जामुन जातको गोलिया काठ ४ थानको २३.९७ क्यूफिट गरी विभिन्न जातको काठ गोलिया ७८ थानको कुल ७९१.१३ क्यूफिट र साल जातका दाउरा २.७७ चट्टा दाउरा सहितको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस श्री दानकाली महिला सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सुचना यस श्री दानकाली महिला सामुदायिक वन उपभोक्ता समूहको कार्यालय बराहताल गा.पा.-६, सुर्खेत श्री बड्डीचौर सब-डिभिजन वन कार्यालय हुर्के सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।



# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## आशय पत्र प्रकाशित गरिएको बारे सूचना

उपरोक्त सम्बन्धमा यस गुर्भाकोट नगरपालिका, नगरकार्यपालिका कार्यालयवाट प्रकाशित सूचना अनुसार तपशिल बमोजिमका बोलपत्र खोलिएकोमा, सारभुत रुपमा प्रभावग्राही रहेका तपसिलमा उल्लेखित फर्म रहेकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ र २ बमोजिम यो ३(तिन) दिने, आशयपत्रको सूचना सम्बन्धित सवैको जानकारीको लागी प्रकाशित गरिएको छ।

| सि.न. | ठेक्का न. | योजनाको नाम | फर्मको नाम | कबोल अंक भ्याट समेत | कैफियत |
|---|---|---|---|---|---|
| १. | SQ/WORKS/ GM/05/2081/082 | Ward No 5 different road construction works sahare surkhet | Pranab Nirman sewa Gurbhakot-9, Surkhet | Rs:1143768.00 | |

प्रमुख प्रशासकिय अधिकृत



# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## क्याटलग/ब्रोसर सपिङ् विधिबाट सबारी साधन खरिद सम्बन्धी सिलबन्दी प्रस्ताब आव्हानको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८१/१२/१०**

यस कार्यालयको लागी देहाय बमोजिमको सवारी साधन सार्बजनिक खरिद ऐन २०६३ पहिलो संशोधन २०७३ को दफा ८ को उपदफा १ क (८) तथा सार्बजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन) को नियम ३१ (ख) बमोजिम त्यस्ता सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरू बीच प्रतिस्पर्धा गराउने (क्याटलोग सपिंङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सबारी साधनको उत्पादक वा आधिकारिक बिक्रेताहरूबाट उक्त मेशिन बिक्रिगर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्तभएको अनुमति पत्र, सो को नविकरण, स्थायी लेखानम्बर (PAN) तथा मूल्य अभिवृदि कर दर्ता प्रमाण पत्र, आ.ब. २०८०-०८१ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र, उक्त मेशिन सप्लाई गरेको हाल सम्मको बिस्तृत बिबरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपी, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मूल्य, गुणस्तर तथा सुबिधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन १२ बजेसम्म यस कार्यालयमा छुटाछुटै निवेदन दर्ता गराउन आव्हान गरिएको छ। दर्ता गरिएका सिलबन्दी प्रस्ताबहरू सोहि दिनको १४:०० बजे खोलिने छ। पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ।

| सि.न. | ठेक्का न. | साधन को नाम | बिबरण | कैफियत |
|---|---|---|---|---|
| १. | GM/BHL/01/2081-082 | Backhoe Loader | One Nos | संक्षिप्त बिबरणमा उल्लेख नभएका कुराहरु स्वीकृत टेक्निकल स्पेसिफिकेशन बमोजिम हुनेछ |

प्रमुख प्रशासकिय अधिकृत



# Kohalpur Municipality
# Office of Municipal Executive
Kohalpur, Banke
Lumbini Province, Nepal

## Re-Invitation For Bids

**Second Date Of Publication:2081/12/12 ( Mar-25-2025 )**

1. Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke re-invites electronic bids from eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Rem. |
|---|---|---|---|---|---|---|---|
| 1.0 | BANKE/ KOMUN/W/SQ-10/2081/082 | Road Blacktop Work from Bidhyut Road Chowk to Bhandari Medical. Kohalpur-10, Banke. | 45 days | 1,537,564.79 | 40,000.00 | 1000.00 | SQ |
| 2.0 | BANKE/ KOMUN/W/SQ-11/2081/082 | Janachatana Aa.Bi. School Building Construction, Kohalpur-4, Banke. | 45 days | 1,589,975.73 | 40,000.00 | 1000.00 | SQ |

**Further Information to bidders;**

| | |
|---|---|
| **Last date and time of Bid Submission** | For SQ : 2081/12/27 (Apr-09-2025) (upto 12:00 Noon) |
| **Date, Time and Place of Bid Opening** | For SQ : 2081/12/27 (Apr-09-2025) ; at 1:00 PM, At Kohalpur Municipality Office, Kohalpur, Banke |
| **Bid Security Validity Period** | 30 Days beyond bid validity period |
| **Account No. for Bid Document Purchase** | Agriculture Development Bank,Kohalpur,Banke , AC.Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 |
| **Account No. for Bid Security Deposit** | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Kohalpur Branch, Account Number : 0720501000235217 |

2. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur ,Banke Contact No: 081-540318
3. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. कर्णाली प्रदेश कार्यालय सुर्खेतको २१ दिने सूचना

**सुचना प्रकाशन मिति २०८१।१२।१२**

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिमको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरि बुझाउंनुपर्ने कर्जाको सावा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बधी ऐन २०६३, कृषि विकास बैंक लि.को कर्जा असूली विनियमावली तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिदा लेखिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौ। साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैकबाट कर्जा लिन मञ्जुरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्धारा जानकारी गराइएको छ।

**सम्बन्धित कार्यालयको नाम – कृषि विकास बैंक लि.शाखा कार्यालय, सुर्खेत**

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे/ससुराको नाम | ग्राहकको पिता/पतिको नाम | कर्जाको उद्देश्य | सावा रकम | मिति २०८१।१२।०६ सम्मको व्याज, भाखा नाघेको र अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जुरीनामा दिने वा जमानत बस्नेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भेरी कर्णाली फेन्सी पसल प्रो. पदमा खड्का | वी.न.पा.-०६, सुर्खेत | वहादुर खड्का | भीम बहादुर खड्का | व्यापार कर्जा | १,८००,००० | ६०००० | १,८६०,००० | पदमा खड्का | ६१०७ |
| २ | सुमाना कृषि तथा पशुपक्षी पालन फर्म प्रो. सुरेश बहादुर थापा | वी.न.पा-०२, सुर्खेत | पुष्कर बहादुर थापा | ठम्मर बहादुर थापा | कृषि तथा पशुपक्षी पालन फर्म | १,८००,००० | १००००० | १,९००,००० | हरिमाया कार्की (जि.सी.) | ७५७४ |
| | जम्मा | | | | | १०,९००,००० | ६७१,९०० | ११,५७१,९०० | | |

# कृषि विकास बैंक लि.
## शाखा कार्यालय, सुर्खेत



# Birendranagar Municipality
# Office Of The Municipal Executive
Birndranagar, Surkhet
Karnali province, Nepal

## Invitation For Bids

**(First Date of publication: - 2081.12.12 B.S.)**

1. Birendranagar Municipality Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the **Birendranagar Municipality, Birendranagar Surkhet** Phone No: 9858063111& PPMO website.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT & PS) | Bid Security, |
|---|---|---|---|---|
| SQ/BM/W/ 081/082/05re | Gandaki Tole Narayan Sharma Near House Road Upgrading Works | NRs. 1,000/- | NRs.19,05,808.92 | NRs.45,000.00 |
| NCB/BM/W/ 081/082/64 | Supply Delivery & Installation of Traffic Light in Birendra Chowk, Birendranagar 6, Surkhet | NRs. 3,000/- | NRs.30,29,506.55 | NRs.75,800.00 |

**Chief Administrative Officer**



# चौकुने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृतको आशय पत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन सूचना मितिः २०८१/१२/१२**

प्रस्तुत विषयमा यस चौकुने गाउँपालिकाको प्रथम पटक मिति २०८१/११/२० गते राष्ट्रिय स्तरमा बोलपत्र आह्वान गरिएको सूचनानुसार तोकिएको मिति सम्म पर्न आएका बोलपत्रहरू मध्य तपशिल बमोजीमको बोलपत्रहरूको न्यूनतम मूल्याङ्कित सारूभुतरूपमा प्रभावग्राही देखिन आएकाले बोलपत्र स्वीकृतिका लागि सिफारिस भएकोमा सार्वजनीक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

| क्र.स. | योजनाको नाम र ठेगाना | ठेक्का नम्बर | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक) | कै. |
|---|---|---|---|---|---|
| 1 | Construction Of Bhedichaur Bagmara aabi School Building WORKS Chaukune-04, Surkhet. | CRM/SQ/ WORKS/ 10/2081/082 | Prakash Nirman Sewa , Birendranagar- 08,Surkhet | १६,१०,९४३/- | |

पूर्ण बहादुर वि क
प्रमुख प्रशासकीय अधिकृत

## होटल विक्रि तथा घर भाडामा

१० औं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुने वीरेन्द्रनगर-८, सुर्खेतको कर्णाली रंगशाला गेटको अगाडी चालु अवस्थामा रहेको मनकामना होटल रहेको घर भाडामा लगाउनुपर्ने भएकोले इच्छुक व्यक्तिले तत्काल सम्पर्क राख्नुहोला । साथै होटल सञ्चालनका लागि आवश्यक पर्ने विभिन्न सामाग्रीहरु समेत भएकाले त्यसको विक्रिका लागि समेत यो सूचना प्रकाशित गरिएको छ ।

**पुरानो होटल मनकामना तथा भान्सा घर**
वीरेन्द्रनगर-०८, (रंगशाला गेटको अगाडी)
सम्पर्क नं. ९८६८२२६८७९, ९८६४७४४४६६

## जनप्रिय (जेपी) स्कुल
**JANA PRIYA SCHOOL (Pvt.Ltd.)**
Birendrangar-01, Surkhet, Karnali Province.

### शिक्षक आवश्यकता सम्बन्धि सूचना

जनप्रिय (जेपी) स्कुल वीरेन्द्रनगर-०४, सुर्खेत उपत्यकाकै सस्थागत विद्यालयमध्ये छुट्टै पहिचान बनाउन सफल, समाजकै उत्कृष्ट समाजसेवी, शैक्षिक क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने व्यक्तित्वबाट स्थापित दुरदर्शी शेयर सदस्य र कुशल नेतृत्त्व भएको संचालकबाट संचालित यस विद्यालयलाई असल, इमान्दार, मिहिनेती र परिणाममुखी शिक्षक र कर्मचारी आवश्यक परेकाने तपसीलको मापदण्ड पुग्ने नेपाली नागरिकताबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसील**

**विज्ञापन नं.०७**
**पद शिक्षक** : १ जना) — **तह** : मा.वि तह
**योग्यता** : स्नाकोतर तह उत्तीण (विज्ञान) — **उमेर** : ३५ वर्ष ननाघेको
**दरखास्त दस्तुर** : रु. १०००। मात्र

**विज्ञापन नं.०८**
**पद** : शिक्षक (१ जना) — **तह** : आधारभूत
**योग्यता** : अर्थशास्त्रमा स्नातक तह उत्तीण गरेको — **उमेर** : ३५ वर्ष ननाघेको
**दरखास्त दस्तुर** : रु.५००। मात्र

**विज्ञापन आह्वान मितिः** २०८१/१२/०५ गते देखि २०८१/१२/१९ गते ४ बजे सम्म ।
**सम्पेक नंः** ०८३-५२३८९१
**अध्यक्ष** : ९८४८०४०७५०, **प्र.अः** ९८४८००३६६६, **स.प्र.अः** ९८६८११८३००
*(नोट : यस विद्यालयका केही शेयर खाली भएकाले खरिद गर्न चाहानेहरुले सम्पर्क राख्नु हुन अनुरोध ।)*

## सुर्खेत मोडेल एकेडेमी
वीरेन्द्रनगर-८, सुर्खेत
(स्थापनाः २०६५)

### कक्षा ६ देखि ९ सम्म पूर्ण छात्रवृत्ति सम्बन्धी सूचना

शैक्षिक सत्र २०८२ का लागि यस विद्यालयद्धारा प्रदान गरिने जेहेन्दार निशुल्क छात्रवृत्तिका लागि तपसिल बमोजिमको दरखास्त आव्हान गरिन्छ । दरखास्तको फारम विद्यालयको कार्यालयवाट निःशुल्क प्राप्त गर्न सकिने छ, साथै Surkhet Model Academy को फेसबुक पेजमा रहेको google link वाट समेत दरखास्त फारम भर्न सकिने छ ।

**तपसिल**

| क्र.सं. | विवरण | मिति |
|---|---|---|
| १. | दरखास्त फारम भर्ने अन्तिम मिति | २०८१ चैत्र २३ गते सम्म |
| २. | लिखित परीक्षा | २०८१ चैत्र २४ गते विहान ११:०० वजे देखि १:०० बजे सम्म |
| ३. | मौखिक परीक्षा | २०८१ साल चैत्र २७ गते विहान १०:०० बजे देखि |
| ४. | नतिजा प्रकाशन | २०८१ साल चैत्र २८ गते |
| ५. | परीक्षा हुने स्थान | सुर्खेत मोडेल एकेडेमी, वीरेन्द्रनगर-८, सुर्खेत |

**नोट : छात्रवृत्ति सम्बन्धी विवरण**

| कक्षा | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | १० जना | १० जना | १० जना | १० जना | ४० जना |

**परीक्षाको पाठ्यक्रम**
शैक्षिक सत्र २०८१ मा अध्ययन गरि सकेको कक्षाको पाठ्यक्रम अनुसार नेपाली, अंग्रेजी, गणित र विज्ञान विषयबाट प्रश्नहरु सोधिने छ ।
*(नोट : शिक्षा क्षेत्रमा कार्यरत विज्ञहरुबाट छात्रवृत्ति छनोटका लागि स्वतन्त्र र निष्पक्ष समिति गठन गरिएको र सम्पूर्ण छनोट अधिकार उक्त समितिमा रहेको जानकारी गराइन्छ ।)*

विस्तृत जानकारीका लागि निम्न नम्बरहरुमा सम्पर्क गर्न सकिने छ । ९८४८१२०१४८, ९८६०९१७६७४, ९८५१०४१३३३, ०८३-५२०४४२

## Godawari Municipality
## Office of the Municipal Executive
**Sudurpaschim Province,**
**Attariya, Kailali**

## Invitation for Online Bids

**First date of publication: 2025-03-24 AD (2081/12/12 B.S.)**

1. Godawari Municipality, Office of the Municipal Executive.Attariya Kailali invites electronic bids only from Nepalese eligible bidders for the contracts named below.
2. Bidder should deposit the cost of bidding document in the office's revenue account as specified below.
   Name of the Bank: NIC Asia Bank Ltd., Attariya,Kailali.
   Name of the Office: Godawari Municipality,Office of the Municipal Executive.
   Office Dharauri Account no: 7141498622524001.
   Rajashwo (Revenue) Account no: 0712051498622011.
3. The detail of works are as follows.

| Contract no./ ID | Description of Works | Total Estimated Amount (Without Vat and contingencies ) Nrs. | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|
| GM/NCB/W/ 2081/82/13 | SUPPLY AND INSTALLATION OF HUMEPIPE AT DIFFERENT PLACES OF GODAWARI | 34,66,246.05 | 90,000.00 | 3,000.00 |

Eligible Bidders may obtain all further information at the office of Municipality Executive, Telephone no: 091-508002 or may visit PPMO website http://www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

घर निर्माण कार्यको लागि सम्झनुहोस्
हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
Bhawani Auto Workshop Birendranagar-Surkhet
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA
Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु
✔ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्
✔ चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
✔ बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
✔ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
✔ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
✔ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः भवानी छापाखाना, सुर्खेत ।